नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले महिलाको जस्तो पहिरन लगाउने पुरुष र पुरुषको जस्तो पहिरन लगाउने महिलालाई धिक्कार (लअ्नत) गर्नुभएको छ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, "नबी (सल्लल्लाहु अलैहि वसल्लम)
ले महिलाको जस्तो पहिरन लगाउने पुरुष र पुरुषको जस्तो पहिरन लगाउने महिलालाई
धिक्कार (लअ्नत) गर्नुभएको छ।"
[رواه النسائي في الكبرى وابن ماجه بمعناه وأحمد] [सही[

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले ती पुरुषहरूलाई अल्लाहको कृपाबाट निष्कासित र टाढा हुन् भनी श्राप दिनुभएको छ, जो पहिरन, स्वरूप, रङ्ग, शैली, पहिरिने तरिका, शृङ्गार वा अन्य कुनै पनि कुरामा महिलाहरूको नक्कल गर्छन्। र त्यसैगरी, उहाँले ती महिलाहरूलाई पनि श्रापित तुल्याउनु भएको छ, जो पुरुषहरूको पहिरनको नक्कल गर्छन्। यस्तो कार्य महापाप (कबिरा) मध्ये पर्दछ।

http://sunnah.global/hadeeth/ne/show/8905